# नागरिक लगानी कोष
# सरल कर्जा कार्यविधि, २०७३

**प्रस्तावना :**

कोषको स्वेच्छिक वा अनिवार्य लगानीकर्ता हिसाब योजनाका सहभागीहरुको कर्जामा पहुँच बढाउन र कोषमा संकलित कोष रकमलाई लगानी विविधिकरण गर्ने उद्देश्यले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ३२ को खण्ड (ख) को अधिनमा रही नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ को विनियम ३२ ले दिएको अधिकार प्रयोग गरी कोषको संचालक समितिले देहायको सरल कर्जा कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम "नागरिक लगानी कोष, सरल कर्जा कार्यविधि, २०७३" रहेको छ ।

१.२ यो कार्यविधि मिति २०७३ साल बैशाख ७ गतेदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्दछ ।

ख) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष र यस अन्तर्गतका कार्यालयहरुलाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले ऐनको दफा २५ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

घ) "कार्यविधि" भन्नाले नागरिक लगानी कोष, सरल कर्जा कार्यविधि, २०७३ सम्झनु पर्दछ ।

ङ) "कर्जा" भन्नाले कुनै अचल सम्पत्ति धितो वा अन्य आवश्यक सुरक्षण र जमानत लिई कोषले निर्धारण गरेको शर्तमा सहभागीलाइ दिने कर्जा सम्झनु पर्दछ ।

च) "सरल कर्जा" भन्नाले कोषले तोकेको क्षेत्रभित्रको धितो लिई सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि दिइने कर्जालाई सम्झनु पर्दछ ।

छ) "सहभागी" भन्नाले अवकाश कोष वा बीमा कोषमा रकम जम्मा गरेका सहभागीलाई सम्झनु पर्दछ ।

ज) "निवेदक" भन्नाले सरल कर्जाका लागि कोषमा आवेदन गर्ने सहभागीलाई सम्झनु पर्दछ ।

झ) "विभाग" भन्नाले कर्जा प्रवाह गर्ने कोषको सम्बन्धित विभाग सम्झनु पर्दछ ।

ञ) "कार्यकारी निर्देशक" कोषको कार्यकारी प्रमुख सम्झनु पर्दछ ।

ट) "कर्जा उपसमिति" भन्नाले कार्यकारी निर्देशकले तोकेको बरिष्ठ अधिकृतको संयोजकत्वमा गठित उपसमिति सम्झनु पर्दछ ।

ठ) "व्यक्तिगत जमानत" भन्नाले कोषबाट कर्जा लिएका सहभागीले राखेको धितोबाट कर्जा चुक्ता हुन नसकेमा निजको चल अचल सम्पत्तिबाट असुल उपर गरी लिएमा मञ्जुरी रहेको व्यहोरा दर्शाई कोषलाई गरी दिएको लिखत सम्झनु पर्दछ ।

ड) “धितो” भन्नाले कोषबाट प्रवाह भएको कर्जाको सुरक्षण वापत कोषको नाममा दृष्टिबन्धक लिखत पारित भई रोक्का रहेको अचल सम्पत्ति सम्झनु पर्दछ ।

ढ) “मूल्याङ्कनकर्ता” भन्नाले धितो मूल्याङ्कन गर्ने प्रयोजनको निमित्त कोषले तोकेको फर्म वा कम्पनी सम्झनु पर्दछ ।

ण) “सम्बन्धित कार्यालय” भन्नाले अवकाश कोष वा बीमा कोषका सहभागी कार्यरत रहेको कार्यालय सम्झनु पर्दछ ।

त) “एकाघर परिवारका सदस्य” भन्नाले सहभागीको संगोलको बाबु, आमा, पति, पत्नी, छोरा, अविवाहित छोरी तथा विवाहित महिलाको हकमा सासु ससुरालाई समेत सम्झनु पर्दछ ।

थ) “सहुलियत अवधि” भन्नाले कार्यविधि बमोजिम कर्जा लिए पछि तोकिएको किस्ता बुझाउन अनिबार्य नहुने गरी तोकिएको अवधिलाई सम्झनु पर्दछ ।

द) “ब्याज” भन्नाले प्रदान भएको कर्जामा लाग्ने तोकिएको ब्याज, पुँजिकृत ब्याज, हर्जाना तथा धितो लिलामी गरी कोषले सकार गरे पछिको शुल्क समेतलाई सम्झनु पर्दछ ।

ध) “अग्रिम भुक्तानी” भन्नाले निर्धारित समय अगावै कर्जा भुक्तानी गरेको रकमलाई सम्झनु पर्दछ ।

प) “नगरपालिका” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि नेपाल भित्रका सम्पुर्ण नगरपालिका तथा उपमहानगरपालिका तथा महानगरपालिका समेतलाई सम्झनु पर्दछ ।

फ) “स्वेच्छिक वा अनिवार्य लगानीकर्ता हिसाब योजना” भन्नाले नागरिक लगानी कोष व्यवस्थापन विनीयमावलीको विनीयम १३ र १४ बमोजिम संचालनमा रहेका बचत कार्यक्रमहरु, बचत योजनाहरु, अवकाश कोषहरु तथा बीमा कोषहरुलाई समेत जनाउँदछ ।

(ब) "ह्रासक□" भन्नाले प्रचलित नेपाल लेखामानमा भएको ब्यबस्था बमोजिम गरिने ह्रासक□लाई सम्भनुपर्दछ ।

**३. सरल कर्जा लिन योग्य सहभागी :**

३.१ अवकाश कोष वा बीमा कोषमा कोष कट्टी गरेको दुई वर्ष पुरा भएको ।

३.२ नोकरी गर्ने सेवा अवधि एक वर्ष बाँकी भएको ।

३.३ सहभागीले अन्य उद्देश्यका कर्जा समेत उपयोग गरी राखेको भए तिर्न बाँकी रहेको सहभागी सापटी बाहेकको अन्य कर्जा रकम सहित रु ५० लाखमा ननाघ्ने गरी माग पेश भएको ।

**४. सरल कर्जाको सीमा :**

४.१ यो कर्जाको अधिकतम सीमा रकम रु. २०,००,०००।०० (बीस लाख) सम्म हुनेछ ।

४.२ यस कर्जाको न्युनतम स्वीकृत सीमा रु.५ लाख हुनेछ । एक पटकमा न्यूनतम दुई लाख रुपैयाँसम्म भुक्तानी गरिने छ ।

४.३ स्वीकृत सीमा भित्र रही अन्तिम भुक्तानी अवधि भित्र जति पटक पनि यो कर्जा लिन दिन सकिने छ र तोकिएको प्रक्रिया पुरा गरी वार्षिक रुपमा नवीकरण गर्न सकिनेछ ।

**५. कर्जाको ब्याजदर :**

५.१ कोषले सहभागीलाई प्रदान गर्ने सरल कर्जाको बार्षिक ब्याजदर ९.५० प्रतिशत हुनेछ । सो ब्याजदरमा कोषले अर्धबार्षिक/बार्षिक रुपमा पुनरावलोकन गर्न सक्नेछ ।

५.२ कर्जा अवधिमा पाकेको सम्पुर्ण ब्याज अर्धवार्षिक रुपमा पौष मसान्त र आषाढ मसान्त भित्र भुक्तानी गर्ने सहभागीलाई उक्त किस्तामा तोकेको ब्याजदरमा ०.५ प्रतिशत ब्याज छुट दिइने छ ।

५.३ बार्षिक रुपमा पाकेको ब्याज प्रत्येक आर्थिक बर्षको आषाढ मसान्त भित्र पनि चुक्ता नगरेमा साँवामा पुँजिकृत गरिने छ ।

**६. सहुलियत अवधि :**

सरल कर्जाको लागि १ बर्षको सहुलियत अवधि प्रदान गरिने छ ।

**७. कर्जा सुरक्षणका लागि धितो लिन सकिने क्षेत्रहरु :**

यो कर्जा निम्नानुसारका क्षेत्र भित्र रहेका दफा ८ अनुसार स्वीकार योग्य घर/जग्गा धितो लिई लगानी गर्न सकिने छ ।

क) नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका क्षेत्र भित्रका घर/जग्गा ।

ख) नगर बिकास परियोजना क्षेत्र भित्रका घर/जग्गा ।

**८. कर्जाको लागि लिइने धितोको विवरण :**

देहायका घर/जग्गा कर्जाका लागि धितोको रुपमा लिन सकिनेछ ।

८.१ राजिनामा गरी लिएको घर/जग्गा भए ७ महिना ५ दिनको हकदावी गर्ने म्याद नाघेको ।

८.२ बकसपत्र गरी लिएको घर/जग्गा भए २ बर्षको हदम्याद नाघेको ।

८.३ अंशवण्डा गरी पाएको सम्पत्ति भए ९० दिनको हकदावी गर्ने म्याद समाप्त भएको ।

८.४ सट्टापट्टा गरी आएको घर/जग्गाको हकमा ७ महिना ५ दिन नाघेको ।

८.५ अपुताली परी हक कायम भएको अवस्थामा हक कायम भएको ३ बर्ष नाघेको ।

८.६ मोही नलागेको जग्गा जमीन मात्र धितो लिन सकिने ।

८.७ गुठी रैतानी जग्गा धितो लिन सकिने ।

८.८ सहभागीको आफ्नो नाममा रहेको बाहेक कर्जाका लागि आफ्नो एकाघर परिवारका सदस्यको नाममा रहेको घर/जग्गा धितो लिन सकिने ।

८.९ धितो लिईने घर /जग्गामा कम्पाउण्ड वाल लगाएको हुनुपर्नेछ ।

८.१० धितो राखिने घर/जग्गासम्म पुग्ने बाटोको हकमा देहाय अनुसार हुनु पर्नेछ ।

क) नियम संगत हिसावले निर्माण सम्पन्न भैसकेका घरको हकमा काठमाण्डौं उपत्यका चक्रपथ भित्रको घर/ जग्गामा पुग्ने न्यूनतम १.३ मिटरको बाटो ।

ख) काठमाण्डौं उपत्यका भित्र रहेको जग्गामा नयाँ निर्माण गरिने घर र सो ले चर्चेको जग्गा धितो दिइने भए सो जग्गासम्म पुग्ने न्यूनतम ४ मीटरको बाटो कायम भएको ।

ग) काठमाण्डौं उपत्यका चक्रपथ बाहिर र काठमाण्डौं उपत्यका भन्दा बाहिरका जुनसुकै घर /जग्गाको हकमा जग्गालाई छुने कम्तीमा ४ मीटर चौडाईको बाटो कायम रहेको ।

**९. कर्जा माग फारम र आवश्यक कागजातहरु :**

९.१ सरल कर्जाका लागि सहभागीले अनुसूची-१ को ढाँचा बमोजिमको कर्जा माग फाराममा उल्लेखित सम्पुर्ण विवरण प्रस्टरुपमा भरी आवश्यक कागजातहरु संलग्न राखी सहीछाप गरी आफु कार्यरत कार्यालयको सिफारिश साथ कार्यालयको छाप लगाई कोषको कार्यालयमा पेश गर्नु पर्नेछ ।

९.२ कर्जा माग फाराम साथ सहभागीले अनुसूची १ को खण्ड (झ) बमोजिमको कागजातहरु स्वयंले प्रमाणित गरी प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**१०. कर्जा माग फाराम दर्ता :**

माथि उल्लेखित दफा ९ बमोजिमका कागजातहरु कर्जा फारामसाथ पेश हुन आएमा प्राप्त कागजातहरुको कानुनी हैसियत पुरा भए नभएको हेरी सम्बन्धित कर्जा शाखाका अधिकृतले प्रमाणित गरेपछि दर्ता गर्नु पर्नेछ । पेश भएका कागजातमा कानुन शाखाबाट अनुसूची-१ खण्ड (झ) अनुसारका कागजात संलग्न गरी अनुसूची २ अनुसार राय सुझाव लिई प्रक्रिया अघि बढाउनु पर्नेछ ।

**११. धितो सुरक्षण र धितो मुल्याङ्कन :**

११.१ सहभागीको आफ्नो नाममा भएको घर/जग्गाको मूल्याङ्कन रकमले माग गरेको कर्जा रकमलाई अपुग हुने भएमा थप सुरक्षणका लागि निवेदकको एकाघर परिवारका सदस्यको नाममा दर्ता रहेको घर/जग्गा धितो लिई कर्जा लगानी गर्न सकिनेछ । तर यस्तो धितो लिदाँ निवेदकबाट अनुसूची-३(क) र धितो दिने व्यक्तिबाट अनुसूची-३(ख) अनुसारको व्यक्तिगत जमानतको कागज गराई मिसिल साथ राखिनेछ ।

११.२ कर्जाको लागि लिइने धितो एकिन भएपछि कर्जा शाखाले मूल्याङ्कनकर्तालाई धितो सम्बन्धि कागजात उपलब्ध गराई धितो मूल्याङ्कन गराउनु पर्नेछ ।

११.३ कर्जाका लागि लिइने धितोको मुल्याङ्कन गर्दा देहायको आधारमा धितोको मुल्य कायम गरिनेछ ।

क) घर/जग्गाको मूल्याङ्कन गर्दा कोषले समय समयमा तोकेको मापदण्डको सीमाभित्र रहि गराईनेछ ।

ख) धितो दिईने जग्गाको मुल्याङ्कन गर्दा सम्बन्धित जिल्ला मालपोत कार्यालयको चालु आ.व. मा रजिष्ट्रेशन शुल्कका लागि तोकिएको जग्गाको मुल्यको ५० प्रतिशत र धितो रहेको क्षेत्रको प्रचलित बजार मुल्यको ५० प्रतिशतलाई कुल योग मानी जग्गाको मुल्य कायम गरिनेछ ।

ग) माथि दफा (ख) अनुसार मूल्याङ्कन गरी आएको रकमबाट कम्तीमा १० प्रतिशत मार्जिन कट्टा गरी बाँकी रहन आएको Distress Value को रकम अधिकतम कर्जा लगानी सीमा हुनेछ ।

घ) घर धितो राखि कर्जा लिने भए घरको आयुको आधारमा ह्रासकट्टी गरी मुल्याङ्कन गर्नु पर्नेछ ।

ङ) धितो मूल्याङ्कन गर्दा सहभागीले पेश गरेका कागजातहरु मध्ये नापी नक्सा, चार किल्ला प्रमाणित पत्र, जग्गा धनी प्रमाण पुर्जामा उल्लेखित जग्गाको क्षेत्रफल, घरले चर्चने क्षेत्रफल र बाटोको चौडाई आदि समेत खुलाई घर/जग्गाको मूल्याङ्कन गरिनेछ । धितो मुल्याङ्कन

प्रतिवेदन साथ धितोमा राखिने घर/जग्गाको फोटो सहित कोषको कार्यालयमा पेश गर्नु पर्नेछ ।

च) धितो मुल्याङ्कनकर्तालाई दिइने धितो मूल्याङ्कन शुल्क कोषको कार्यकारी निर्देशकले तोके अनुसार हुनेछ र सो शुल्क सहभागीले नै व्यहोर्नु पर्नेछ ।

छ) मूल्याङ्कनकर्ताले गरेको काम कारवाहीको कोषले समय-समयमा स्थलगत निरीक्षण गर्न सक्नेछ । धितो मूल्याङ्कनकर्ताले पेश गरेको मूल्याङ्कन प्रतिवेदन स्वीकार गर्ने वा नगर्ने अधिकार कोषमा निहित रहने छ ।

ज) कोषले तोकेको सेवा शर्तमा नियुक्त मूल्याकंनकर्तामा मूल्याकंनको सम्पुर्ण जवाफदेहिता रहनेछ ।

**१२. सरल कर्जा विश्लेषण :**

१२.१ कर्जा माग फाराममा निवेदकले पेश गरेको विवरणको आधारमा अनुसूची-४ बमोजिम कर्जा चुक्ता गर्न सक्ने क्षमताको विश्लेषण गर्नु पर्नेछ ।

१२.२ कर्जा विश्लेषण गरी सहभागीको मिसिल कर्जा उपसमितिमा पेश गर्नु पर्नेछ ।

**१३. सरल कर्जा उपसमिति तथा कर्जा सम्बन्धी निर्णय :**

१३.१ **कर्जा उपसमिति :** कर्जा उपसमितिको संरचना देहाय वमोजिमको हुनेछ ।

| | | |
|---|---|---|
| (क) कोषको कार्यकारी निर्देशकले तोकेको बरिष्ठ अधिकृत | - | संयोजक |
| (ख) लगानी विभागका विभागिय प्रमुख | - | सदस्य |
| (ग) उप व्यवस्थापक वित्त नियन्त्रण तथा संचालन महाशाखा | - | सदस्य |
| (घ) कार्यकारी निर्देशकले तोकेको प्रशासन महाशाखाका अधिकृत | - | सदस्य |
| (ड.) कर्जा हेर्ने अधिकृत | - | सदस्य सचिव |

उपसमितिको बैठकमा सहभागि भए वापत उपसमितिका संयोजक तथा सदस्यहरुलाई कुनै भत्ता प्रदान गरिने छैन । कर्जा उपसमितिका सबै सदस्यहरुले कार्य सम्पन्न गर्नु निजहरुको कर्तब्य हुनेछ ।

१३.२ **कर्जा सम्बन्धी निर्णय :**

(क) कर्जा उपसमितिले कर्जा शाखाबाट अनुसूची-४ बमोजिम विश्लेषण तथा सिफारिस भई आएको कर्जा माग उपर अन्तिम निर्णय गर्नेछ ।

(ख) कर्जा उपसमितिबाट भएको निर्णयको छुट्टै निर्णय पुस्तिका बनाई राख्नु पर्नेछ ।

**१४. कर्जा स्वीकृतिको जानकारी दिने :**

कर्जा स्वीकृति पश्चात कर्जा निवेदकलाई कर्जा सम्झौता गर्न आउने बारे अनुसूची-५ बमोजिमको जानकारी दिईनेछ ।

**१५. कोष र सहभागी विचको कर्जा सम्झौता :**

कोष र सहभागी विच अनुसूची-६ बमोजिम कर्जा सम्झौता गरिनेछ ।

**१६. कर्जाको भुक्तानी अवधि :**

१६.१ यो कर्जा भुक्तानी गर्ने अवधि ५ वर्षको हुनेछ । तर यस कार्यविधि अनुरुप सरलकर्जा लिएका सहभागीले प्रत्येक आर्थिक बर्षको आषाढ मसान्तमा ब्याज चुक्ता गरेमा स्वतः कर्जा नवीकरण हुनेछ

१६.२ एक पटक सरल कर्जा लिएका सहभागीले निर्धारित अवधिभित्र वा सो भन्दा अगावै कर्जा चुक्ता गरेमा पनि बाँकी नोकरी अवधिसम्म अन्तिम भुक्तानी हुने गरी पुनः यो कर्जा प्रदान गर्न सकिने छ ।

१६.३ यस कर्जाको ब्याज प्रत्येक आषाढ मसान्तमा चुक्ता नगरेमा पुँजिकरण गरिनेछ ।

१६.४ कर्जाको पाकेको ब्याज प्रत्येक आर्थिक बर्षको अन्तसम्ममा चुक्ता गरेमा सो कर्जालाई असल कर्जामा गणना गरिनेछ ।

## १७. कर्जा रकम प्रदान गर्ने प्रकृया :

१७.१ कर्जा प्रदान गर्नु अघि निवेदकले पाउन सक्ने कुल कर्जा रकम लिखतमा लेखि कोषले अनुसूची-७ बमोजिमको पत्र सम्बन्धित मालपोत कार्यालयमा पठाई कोषको नाममा अनुसूचि-८ बमोजिम दृष्टिबन्धक लिखत पास गरी रोक्का राखिनेछ ।

१७.२ सम्बन्धित मालपोत कार्यालयबाट भएको दृष्टिबन्धक लिखत र जमानी दिने व्यक्तिको लिखत सहभागीको मिसिलमा समावेश गरिनेछ ।

१७.३ स्वीकृत कर्जा रकम वा किस्ता उपलब्ध गराउनु पुर्व अवकाश कोष र बीमा कोष रकम रोक्काका लागि अनुसूची-९ बमोजिमको पत्र सम्बन्धित शाखामा पठाईनेछ । सम्बन्धित शाखाले कोष रकम रोक्का गरेको विवरण खुलाई अनुसूची-१० बमोजिमको पत्र अभिलेखको लागी कर्जा शाखामा पठाउनु पर्नेछ ।

१७.४ कर्जाको किस्ता प्रदान गर्नुपुर्व धितो दृष्टिबन्धक पासको कागज, धितो रोक्का पत्र, अवकाश कोष रोक्का र बीमा कोष रोक्का पत्र, व्यक्तिगत जमानत, सहभागी र कोष बीच भएको अनुसूचि-६ बमोजिमको सम्झौता पत्र, धितो मुल्याङ्कन प्रतिवेदन, जग्गाधनीको मञ्जुरीनामा, जग्गाधनी प्रमाणपुर्जाको सक्कल प्रति, तिरो तिरेको रसिद, नापी नक्सा र ट्रेस नक्सा, चारकिल्ला प्रमाणित पत्र, घर समेत धितो राखेको भएमा घरको स्वीकृत नक्सा/ घर निर्माण इजाजत पत्र/घर निर्माण सम्पन्न पत्र रुजु गरी सम्बन्धित मिसिलमा समावेश गर्नु पर्नेछ ।

१७.५ घर समेत धितो राखेको भए कोष लाभान्वित हुने गरी घरको वीमा गरिनेछ । बीमा गर्दा लाग्ने बीमा शुल्क तथा नवीकरण रकम सम्बन्धित सहभागीले नै बुझाउनु पर्नेछ ।

१७.६ स्वीकृत कर्जा रकम भुक्तानी गर्नुपुर्व सहभागीले सेवा शुल्क वापतको रकम एकमुष्ट रुपमा कोषमा बुझाउनु पर्नेछ । सेवा शुल्क वापत ०.१५ प्रतिशत वा रु. ३०००। मध्ये जुन बढि हुन्छ त्यति बराबरको रकम लाग्नेछ ।

## १८. कर्जा भुक्तानी :

१८.१ स्वीकृत कर्जा प्रदान गर्नका लागि कर्जा शाखाले अनुसूची-११ बमोजिमको सरल कर्जाको किस्ता भुक्तानी सम्बन्धि आन्तरिक पत्र

८र सम्बन्धित शाखामा पठाउनु पर्नेछ ।

१८.२ स्वीकृत कर्जा बढीमा दुई किस्तामा प्रदान गरिने छ ।

१८.३ कर्जा स्वीकृत भएको ६ महिनासम्म पनि सहभागीले न्युनतम २५ प्रतिशत रकम पनि उपयोग नगरेमा स्वीकृत कर्जा रकम रोक्का गरिनेछ । रोक्का कर्जा फुकुवा गराउन सहभागीले यस कार्यविधिको दफा १७.६ बमोजिमको सेवा शुल्क बुझाउनु पर्नेछ ।

१८.४ स्वीकृत कर्जाको किस्ता माग गर्न सहभागीले अनुसूची-१२ अनुसारको निवेदन कर्जा शाखामा पेश गर्नुपर्नेछ ।

**१९. कर्जा चुक्ता गर्ने प्रकृया :**

१९.१. सहभागीले कर्जाको किस्ता वा व्याज कोषको खातामा नगद रकम जम्मा गरी सोको बैंक भौचर कोषमा पेश गर्नु पर्नेछ ।

१९.२. सहभागीले कोषको नाममा खिचिएको बैंक ड्राफ्ट वा चेक मार्फत पनि कर्जाको साँवा व्याज तिर्न सक्नेछ । उक्त बैंक ड्राफ्ट वा चेक कोषको खातामा जम्मा भएको मिति एकिन गरी सोही मितिलाई आधार मानी साँवा व्याज कट्टा गरिनेछ ।

१९.३. सहभागीले स्वीकृत कर्जा अवधि अगावै कर्जा चुक्ता वा फरफारक गर्न सक्नेछ । यसरी कर्जा चुक्ता गर्न आएमा तिर्न बाँकी कर्जाको ०.५ प्रतिशतले हुन आउने रकम अग्रिम भुक्तानी शुल्क तिर्नु पर्नेछ ।

**२०. कर्जा असुली सम्बन्धी व्यवस्था :**

सहभागीले लिएको कर्जाको साँवा ब्याज नबुझाएमा नागरिक लगानी कोष ऐन, २०४७, कर्जा असुली कार्यविधि र कर्जा असुली सम्बन्धी प्रचलित ऐन कानूनले दिएको अधिकार प्रयोग गरी असुल उपर गरिने छ ।

**२१. विविध :**

२१.१ बीमा शुल्क, रजिष्ट्रेशन दस्तुर, धितो मुल्याङ्कन शुल्क लगायत अन्य लाग्ने करहरु सहभागी स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

२१.२ यो कर्जा नवीकरण वा रिभल्व गर्न वा स्वीकृत कर्जाको अधिकतम सीमासम्म उपयोग गर्न सकिने छ ।

**२२. संशोधन सम्बन्धि व्यवस्था :**

यो कार्यविधि संशोधन गर्ने अधिकार समितिलाई हुनेछ । तर कार्यविधिसँग सम्बन्धित अनुसूचीहरु कार्यकारी निर्देशकले परिमार्जन गरी लागु गर्न सक्ने छ ।

**२३. व्याख्या सम्बन्धि व्यवस्था :**

यस कार्यविधिमा परेका विषयमा द्धिविधा पर्न गएमा सो को व्याख्या गर्ने अधिकार समितिमा निहित रहने छ ।

**२४. वाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था :**

यस कार्यविधि कार्यान्वयनमा कुनै कठिनाई उत्पन्न भएमा सो वाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

______****______

कार्यविधिको दफा ९(१) संग सम्बन्धित

**अनुसूची-१**

**नागरिक लगानी कोष**

**सरल कर्जा माग फारम**

| |
|---|
| हालसालै खिचिएको पासपोर्ट साईजको फोटो र फोटोमा समेत पर्ने गरी दस्तखत |

श्री नागरिक लागनी कोष

.......................... कार्यालय

.........................................

**बिषयः सरल कर्जा माग गरेको बारे ।**

महोदय,

म नागरिक लगानी कोषमा मिति ...................... देखि अवकाश कोष/बीमाकोषमा सहभागी हुदै आएको छु । मलाई**........................**गर्ने कार्यका लागि कर्जा रु................(अक्षरेपि ......................) आवश्यकता परेकाले तपसिलको विवरण साथ यो कर्जा माग फारम पेश गरेको छु । कर्जा लगानीका लागि कोषले निर्धारण गरेका शर्त सुविधा मलाई मान्य छ । मैले उल्लेख गरेका तपसिलका विवरण सत्य छन् । झुटा ठहरे कानुन बमोजिम सहन बुझाउन मेरो मंजुरी छ ।

**खण्ड (क) कर्जा निवेदकको व्यक्तिगत विवरण**

| | | | |
|---|---|---|---|
| निवेदकको नाम | | | |
| जन्म मिति | वि.सं.: | इ.सं.: | उमेरः |
| वैवाहिक अवस्था | विवाहित/अविवाहित/एकल महिला/एकल पुरुषः | | |
| नागरिकता विवरण | लिएको जिल्लाः | मितिः | ना.प्र.प.नं.: |
| लिङ्ग | महिला/पुरुष/अन्य | | |
| बाबुको नामः | बाजेको नामः | पति/पत्नीको नामः | सासु/ससुराको नामः |
| सम्पर्क ठेगाना | जिल्ला......................गा.वि.स./न.पा....................... वडा नं.:........घर नं. .......<br>फोन नं.................. मोबाइल नं....................ईमेल .................. | | |
| स्थायी ठेगाना | जिल्ला......................गा.वि.स./न.पा....................... वडा नं.:........घर नं. .......<br>फोन नं. ..................................... | | |
| निवेदकको परिवार संख्याः ................वयस्क................ नाबालिग | | | |

**खण्ड (ख) निवेदकको नोकरी सम्बन्धी विवरण**

| | |
|---|---|
| कार्यरत कार्यालयको नाम | |
| पुरा ठेगाना | |
| सम्पर्क | फोन नं. .......................... फ्याक्स नं. ................. इमेल ........ |
| बांकी सेवा अवधि | ............... बर्ष ............... महिना |
| कार्यरत पद | |
| सेवा निवृत हुने मिति | |

**खण्ड (ग) माग गरिएको कर्जा विवरण**

| | | |
|---|---|---|
| कर्जा माग रकम | अंकमा | रु. ........................................................................................... |

| | | |
|---|---|---|
| | अक्षरमा | अक्षरेपी ............................................................................................. |
| कर्जा भुक्तानी अवधि | ............................ बर्ष.................. महिना | |
| माग गरेको कर्जा उपयोग शिर्षक | ..................... | |

**खण्ड (घ) धितोको विवरण**

| जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **जग्गा रहेको स्थान** | **कि.नं.** | **क्षेत्रफल** | **जग्गा धनीको नाम** | **अनुमानित मुल्य** | **कैफियत** |
| ..........जिल्ला.................न.पा./गा.वि.स<br>..........वडा................................ टोल | | | | | |
| जम्मा | | | | | |

| घरको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **घर रहेको स्थान** | **कि.नं.** | **क्षेत्रफल** | **घरको किसिम** | **लम्बाई** | **चौडाई** | **उचाई** | **तला संख्या** | **घरधनिको नाम** | **अनुमानित मुल्य** |
| ..........जिल्ला.................न.पा./गा.वि.स<br>..........वडा................................ टोल | | | | | | | | | |
| | | | | | | | | | |

| व्यक्तिगत जमानत दिनेको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम** | **ठेगाना** | **निबेदकसंगको नाता** | **पेशा व्यवसाय** | **उमेर** |
| | | | | |
| | | | | |

**खण्ड (ङ) कोषबाट लिएको अन्य सापटी तथा कर्जा विवरण**

| कर्जा/सापटीको बिबरण | लिएको मिति | तिर्न बाँकी | | अन्तिम भुक्तानी मिति | |
|---|---|---|---|---|---|
| | | **साँवा रु.** | **व्याज रु.** | **साल** | **महिना** |
| | | | | | |
| | | | | | |

**खण्ड (च) नोकरी बाहेकका अन्य आयश्रोतको विवरण (परिवारको सहित)**

| | |
|---|---|
| कृषि/पशुपालन | |
| व्यापार | दर्ता नं.:.................................... प्यान नं. ..................................................... |
| उद्योग | दर्ता नं.:.................................... प्यान नं. ..................................................... |
| अन्य | |
| | |

**खण्ड (छ) निवेदकको पारिवारिक आय व्यय विवरण**

| आयको श्रोत | बार्षिक आय रकम | खर्चको विवरण | बार्षिक खर्च रकम |
|---|---|---|---|
| निवेदकको तलब भत्ता | | खाना खर्च | |
| पति/पत्नीको आम्दानी | | ग्यास, इन्धन, विजुली, पानी खर्च | |

| | | | |
|---|---|---|---|
| बाबु/आमाको आम्दानी | | घरभाडा/यातायात खर्च | |
| एकाघर परिवारका अन्य सदस्यको आम्दानी | | संचार खर्च | |
| घर भाडा आम्दानी | | शैक्षिक खर्च | |
| व्यापार व्यवसायको आम्दानी | | औषधी र बीमा खर्च | |
| अन्य केही भए ............. | | अन्य कर्जा भुक्तानी | |
| | | मनोरञ्जन खर्च | |
| | | अन्य केही भए .......... | |
| | | | |
| **कुल आय (क)** | | **कुल व्यय (ख)** | |

**अनुमानित मासिक वचत (क-ख)=रु. .......................................................**

**खण्ड (ज) धितो दिइने घर जग्गा रहेको स्थानको मोटामोटी नक्सा**

उत्तर

**खण्ड (झ )**कर्जा माग फारामसाथ सहभागीले देहायका कागजातहरु **स्वयंले प्रमाणित गरी प्रतिलिपि** संलग्न गर्नु पर्नेछ ।

क) कर्जा माग गर्ने सहभागी र जमानी दिनेको नागरिकता प्रमाण पत्र ।

ख) जग्गाधनी प्रमाणपुर्जा ।

ग) चालु आ.व.को तिरो  तिरेको रसिद ।

घ) धितो राखिने जग्गाको ब्लुप्रिन्ट नक्सा र नापी कार्यालयबाट प्रमाणित ट्रेस नक्साको सक्कल प्रति ।

ङ) जग्गाको चारकिल्ला प्रमाणित पत्र ।

च) धितो दिने जग्गा सहभागीको नाममा हक कायम भएको भए स्वामित्व प्राप्तिको (राजिनामा, अंशवण्डा, वकसपत्र आदि) लिखत ।

छ) सहभागी र जमानी दिने व्यक्ति विच नाता खुलेको प्रमाणित कागज ।

ज) घर समेत धितो दिने भएमा घर निर्माण इजाजतपत्र, स्वीकृत घरको नक्सा ।

झ) सहभागीलाई कोषले प्रदान गरेको परिचयपत्र ।

ञ) सहभागी कार्यरत सम्बन्धित कार्यालयबाट प्रमाणित गरिएको सहभागीको हालको शुरु तलव स्केल र नियुक्ति मिति खुलेको पत्र ।

(ट) सहभागीको आफ्नो धितो नभई एकाघर परिवारका सदस्यको धितोबाट कर्जा प्रदान गरिने भएमा धितो दिने व्यक्तिबाट धितो मञ्जुरीनामाको लिखत ।

भवदीय,

दस्तखतः ............................................................

निबेदकको नामः.......................................................

मितिः ...............................................

| रेखात्मक | |
|---|---|
| | |
| दाँया | बाँया |

अवकाश कोष प.प.नं...................../बीमाकोष नं.:.......................

**<u>निवेदक कार्यरत रहेको कार्यालयको सिफारिस</u>**

| | |
|---|---|
| कार्यालयको नाम : ................................................................. | |
| जिल्ला :.............................................................................. | |
| सिफारिस कर्ताको नाम :............................................................ | कार्यालयको छाप |
| पदः..................................................................................... | |
| दस्तखत :.............................................................................. | |
| मिति :................................................................................... | |

कार्यविधिको दफा १० संग सम्बन्धित
अनुसूची -२

# नागरिक लगानी कोष

.................. कार्यालय

## आन्तरिक पत्र

लाई :- श्री कानून शाखा,
बाट :- श्री कर्जा शाखा,

निम्न व्यहोराका निवेदकले तपसिल अनुसारका कागजात सहित ..............कर्जा माग गरेकाले निजलाई उक्त कर्जा स्वीकृत/प्रदान गर्न कानूनी वाधा अड्चन हुने/नहुने व्यहोराको राय उपलब्ध गराई दिनु हुनका लागि निजको मिसिल यसै साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

(क) कर्जा निवेदकको नाम, थर :- ..................................
(ख) कार्यरत कार्यालयको नाम :- ....................................
(ग) हालको पद :- .................................
(घ) स्वीकृत अवकाश कोष परिचय पत्र नम्बर :- .................
(ङ) बीमाकोष नम्बर :- .................
(ङ) कर्जा माग रकम :- ............................अक्षरेपी - ............................

| क्र.सं. | विवरण | संलग्न भएको | संलग्न नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | कर्जा माग फाराम र कार्यालयको सिफारिश पत्र | | | |
| २. | लालपुर्जाको प्रति | | | |
| ३. | स्वामित्व सम्बन्धि पत्र | | | |
| ४. | व्यक्तिगत जमानी | | | |
| ५. | नापीको ब्लुप्रिन्ट र प्रमाणित ट्रेस नक्सा | | | |
| ६. | चालु आ.व.को तिरो तिरेको रसिद | | | |
| ७. | घर निर्माण इजाजत पत्र | | | |
| ८. | घरको गा.वि.स./न.पा. बाट स्वीकृत नक्सा | | | |
| ९. | चार किल्ला प्रमाणित पत्र | | | |
| १०. | नाता प्रमाणित पत्र | | | |
| ११. | निवेदक र धितो दिनेको नागरिकता प्रमाण पत्रको प्रतिलिपि | | | |
| १२. | हालको तलब भत्ता खुलेको पत्र | | | |
| १३. | नियुक्ति मिति र बाँकी नोकरी अबधि खुलेको प्रमाणित पत्र | | | |
| १४. | अन्य | | | |

भवदीय,
...........................
नाम :-
पद :-
मिति :-

लाई :- श्री कर्जा शाखा
बाट :- श्री कानून शाखा,

........................................................................................................................................................................
........................................................................................................................................................................
........................................................................................................................................................................
........................................................................................................................................................................
.....

भवदीय,

.............
कानून शाखा

**कार्यविधिको दफा ११(१) संग सम्बन्धित**
**अनुसूची - ३ (क)**

**<u>सहभागीले सरल कर्जा लिदाँ गरिदिने व्यक्तिगत जमानी (कवुलियतनामा)</u>**

लिखितम् ........................ को नाती .......................... को छोरा/छोरी/बुहारी..................... अञ्चल................. जिल्ला............. म.न.पा./न.पा./गा.वि.स. वडा नं............... टोल बस्ने ........................ कार्यालयमा ............को .... पदमा कार्यरत नागरिक लगानी कोष परिचय पत्र न.. ...............बाहक..............वर्षको म श्री............ ले नागरिक लगानी कोषबाट मिति ........................ मा लिएको ...................... कर्जा कार्यक्रम अर्न्तगत कर्जा रकम रु...........................( अक्षरेपी.......................) मात्र र सो मा लाग्ने सबै प्रकारका ब्याज र जरिवाना कोषले तोकेको समय अनुसार नै बुझाउने छु । यो कर्जा रकम तोकिएको अवधिभित्र नबुझाएमा कोषले सो कर्जा रकम र त्यसमा लाग्ने सम्पुर्ण ब्याज र जरिवाना कोषमा राखेको धितो वापतको जायजेथा र सोबाट नपुग भएमा मेरा घरघरानाको अन्य सम्पत्तिबाट असुल उपर गरेमा समेत मेरो मञ्जुरी छ भनि मेरो मनोमानी खुशीराजिले नागरिक लगानी कोष ........................ कार्यालयमा बसि तपसिलका साक्षीको रोहवरमा यो व्यक्तिगत जमानीको कागज गरिदियाँ । इति सम्बत् ........................ साल............... महिना.................गते रोज.............. शुभम् ।

औंठाको छाप र हस्ताक्षर .................

दाँ. बाँ.

१. साक्षी ..................... जिल्ला म.न.पा./न.पा./गा.वि.स. .......... वडा नं. ....... टोल ............ बस्ने ......बर्षको श्री .....................

२. साक्षी ..................... जिल्ला म.न.पा./न.पा./गा.वि.स. .......... वडा नं. ....... टोल ............ बस्ने ......बर्षको श्री..........................

**कार्यविधिको दफा ११ (१)संग सम्बन्धित**
**अनुसूची - ३ (ख)**

**<u>कर्जा लिदा धितो दिनेले गरिदिने व्यक्तिगत जमानी (कवुलियतनामा)</u>**

लिखितम्............................को नाती...........................को छोरा/छोरी................. अन्चल...................जिल्ला..........................म.न.पा./न.पा./गा.वि.स...................वडा.......टोल........बस्ने..........बर्षको...... ................कार्यालयमा.................पदमाकार्यरतमैले.................................................को नाती........................को छोरा/छोरी/बुहारी ................अंचल.......................जिल्ला..................न.पा./गा.वि.स .............वडा नं.......टोल बस्ने.......... बर्षको.....................कार्यालयमा.................पदमा कार्यरत श्री.............................................ले नागरिक लगानी कोषबाट.............उद्देश्यमा कर्जा रु. ..................(अक्षेरुपी......................................................) लिदा मिति ................ मा तमसुक/सम्झौता गरी धितो लेखिदिएकोमा उक्त सहभागीले कोषसंग गरेको शर्त सम्झौता उल्लंघन गरी कर्जा नतिरेमा उक्त सहभागीले कर्जा लिदा गरिदिएको तमसुकलाई यसै लिखतको अभिन्न अंग मानी म श्री ................................. को नामको जुनसुकै चलअचल सम्पत्ति कोषले रोक्का गरी वा नगरी कोषले लेना रकम असुल गरेमा मेरो पुर्ण मंजुरी छ । पछि उक्त सहभागीको नामको बाँकी कर्जा मेरो नामको अन्य सम्पत्तिबाट असुल उपर गर्न पाउने होइन भनी कहि कतै कुनै किसिमको उजुर बाजुर गर्नेछैन । गरे यसै कागजबाट बदर गरीदिनु भनी मेरो मनोमानी खुशीराजीले नागरिक लगानी कोष.................. कार्यालयमा बसी किनाराका साक्षीको रोहवरमा यो व्याक्तिगत जमानीको कागज गरिदिया । इति सम्वत २०..... साल ..... महिना........ गते रोज ........ शुभम् ।

कागज तयार गर्नेको नाम/पद/दस्तखत/मिति ...............................

दाँ. बाँ.

१. साक्षी .................... जिल्ला म.न.पा./न.पा./गा.वि.स. .......... वडा नं. ....... टोल ............ बस्ने ......बर्षको श्री ............

२. साक्षी .................... जिल्ला म.न.पा./न.पा./गा.वि.स. .......... वडा नं. ....... टोल ............ बस्ने ......बर्षको श्री................

**कार्यविधिको दफा १२ संग सम्बन्धित**
**अनुसूची - ४**

नागरिक लगानी कोष

......................... कार्यालय ............

सरल कर्जा विश्लेषण तथा स्वीकृति फाराम

| **कर्जा माग फाराम दर्ता नं. र मिति ...........** | **निवेदकको मिसिल नं. .................** |
|---|---|

१. निवेदकको नाम :- .......................................

२, स्थायी ठेगाना :- .......................................

३. कार्यरत कार्यालयको नाम ठेगाना :- .......................................

४ पद :- .........................................

५. स्वीकृत अवकाश कोष परिचय पत्र नं.: .................................. ६. बीमाकोष परिचय पत्र नं. : ..............................

७. नागरिकता प्रमाणपत्र नं.: ....................................................

**८. धितो सम्बन्धि विवरण**

| क्र.सं. | घर /जग्गा धनीको नाम, थर र ठेगाना | धितो रहने जग्गा/घर रहेको स्थान | कि. नं. | क्षेत्रफल | किसिम | मार्जिन कटाई मुल्य रु. | धितो मुल्याङ्कन गर्नेको नाम, पद |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| | जम्मा | | | | | | |

**९. आर्थिक बिश्लेषण**

(क) कर्जा प्रदान गर्नुपर्ने रकम रु. ...........................

(ख) लिएका अन्य कर्जा/सापटीको विवरण ..................................................सापटी रु. ...........................

...................................................कर्जा रु. ...........................

(ग) बार्षिक आय व्यय विवरण (माग फाराम अनुसारको) रु. ...........................

| **क्र.सं.** | **(क) खर्च/व्यय** | **रकम रु.** | **(ख) आय** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | कर्जाको व्याज | | नोकरी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मर्मत | | कृषि व्यवसायबाट आम्दानी | | |
| ३ | बिजुली, पानी, टेलिफोन | | गैन्ह कृषिबाट हुने आम्दानी | | |
| ४ | शुल्कहरु (वीमा, नवीकरण, कर) आदि | | व्यापार व्यवसाय हुने आम्दानी | | |
| ५ | ह्रासकट्टी | | पारिवारिक सदस्यको पेन्सन | | |
| ६ | सहभागिको घरायसी खर्च | | घर भाडा अन्य | | |
| | **जम्मा** | | | | |

**बांकी मौज्दात (ख) - (क) = रु. .........................**

**१०. कर्जा प्रयोजनका क्षेत्रहरु**

| क्र.सं. | कर्जा उपयोग गरिने कार्य | अनुमानित खर्च | कैफियत |
|---|---|---|---|
| १. | सामाजिक कार्य (विवाह, ब्रतबन्ध आदि) | | |
| २. | स्वास्थ्य उपचार/................. | | |
| ३. | शिक्षा/.................... | | |
| ४. | अन्य/................ | | |

**११. कर्जा सिफारिस रकम**

| कर्जा निवेदकको नाम ठेगाना | कर्जा माग रकम | मार्जिन कट्टी पछि लगानी योग्य धितोको मुल्य | वार्षिक साँवा ब्याज तिर्न सक्ने रकम रु...... | स्वीकृतिको लागि सिफारिश रकम रु. |
|---|---|---|---|---|
| | | | | |

**१२. कर्जा भुक्तानी तालिका**

| मिति | रकम रु. | मिति | रकम रु. | मिति | रकम रु. | मिति | रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा | | | | | | | |

**१३. कर्जाका लागि निर्धारित शर्त/सुविधाहरु**

(क) ब्याजदर वार्षिक ९.५०% लाग्ने छ ।

(ख) यो कर्जाको अवधि ५ वर्ष हुनेछ ।

(ग) स्वीकृत कर्जाको एक पटकमा न्युनतम रु. दुई लाख भन्दा कम रकमको किस्ता प्रदान गरिने छैन ।

(घ) यो कर्जा बढीमा दुई किस्तामा प्रदान गर्न सकिनेछ ।

(ङ) वार्षिकरुपमा प्रत्येक आषाढ मसान्तमा ब्याज चुक्ता भएमा कर्जा नविकरण गर्न सकिने छ ।

(च) कर्जा भुक्तानी गर्ने अवधि भित्र स्वीकृत सीमासम्मको रकम पटक पटक बुझाउन र उपयोग गर्न सकिनेछ ।

(छ) निवेदकले दुई वर्ष सम्म उपयोग गरेको अधिकतम कर्जा रकमलाई नै त्यस पछिका वर्षका लागि कर्जा पाउन सक्ने अधिकतम सीमा हुनेछ ।

(ज) कर्जाको बार्षिक रुपमा पाकेको ब्याज आर्थिक बर्षको अन्त्यसम्ममा पनि नबुझाएमा पुँजिकरण गरिनेछ ।

(झ) स्वीकृत कर्जाको सेवा शुल्क वापत ०.१५ प्रतिशत वा रु. ३०००।०० हजारमा जुन बढी हुन्छ सोही बराबरको रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

(ञ) श्री/श्रीमती ................. ले कोषको नाममा धितो दृष्टिबन्धक रजिष्ट्रेशन पास गरी दिनु पर्नेछ ।

(ट) जम्मा भएको अवकाश कोष र बीमाकोष कट्टी रकम रोक्का राख्नुपर्नेछ ।

(ठ) अन्य कुराहरुको हकमा कोषको नियमानुसार हुनेछ ।

**१५. सरल कर्जा सिफारिश गर्ने**

जिल्ला .................. गा.वि.स./न.पा........................ वडा नं............. बस्ने ................. कार्यालय ............. का............... पदमा कार्यरत अवकाश कोष परिचय पत्र नम्बर .... का श्री .................... लाई माथि उल्लेखित शर्त सुविधामा ..................... सरल कर्जा रकम रु........................(अक्षरेपी .........................................मात्र) निर्णयका लागि सिफारिश गर्दछु/गर्दछौं ।

| | |
|---|---|
| ............................. | ............................ |
| तयार गर्ने | सिफारिश गर्ने |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

**१६. सरल कर्जा उपसमितिको निर्णय :**

जिल्ला .................. गा.वि.स./न.पा........................ वडा नं............. बस्ने .............................. कार्यालय .............का............... पदमा कार्यरत अवकाश कोष परिचय पत्र नम्बर.........का श्री ................................... लाई माथि उल्लेखित शर्त सुविधामा....................सरल कर्जा रकम रु.......................(अक्षरेपी रु..................................मात्र) कर्जा उपसमितिको मिति ...................... को बैठक नं. ..........बाट स्वीकृत गर्ने निर्णय भयो ।

| | | | | |
|---|---|---|---|---|
| .................... | ................... | ........................... | .......................... | ................... |
| नाम : | नाम : | नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : | मिति : | मिति : |

**कार्यविधिको दफा १४ संग सम्बन्धित**

**अनुसूची-५**

**नागरिक लगानी कोष**

......... **कार्यालय** ..........

च.नं.: मितिः ..................

प.सं.:

श्री ...................................

.........................................

बिषय : **<u>सरल कर्जा स्वीकृतिको जानकारी बारे ।</u>**

महाशय,

मिति .................................. मा तपाईले ................................ कर्जा स्वीकृतिका लागि यस कोषको .......... कार्यालयमा पेश गर्नु भएको कर्जा आवेदन माथि कार्वाही हुदां यस कोषको मिति ........................ को निर्णय अनुसार सरल कर्जा शीर्षक अर्न्तगत रु. ......................... ( अक्षरेपी .................................................) स्वीकृत भएको व्यहोरा जानकारी गराउँदछौं । स्वीकृत कर्जा निम्न शर्त सुविधामा उपलब्ध गराइने व्यहोरा अनुरोध छ ।

**शर्त सुविधाहरु**

१. व्याजदर बार्षिक ९.५०% लाग्नेछ र समय समयमा परिवर्तन हुन सक्ने छ ।

२. यो कर्जा ...... बर्ष अवधिको हुनेछ र .................. भित्र बुझाउन पर्नेछ ।

३. कर्जा किस्ता भुक्तानी कोषले समय समयमा तोके अनुसार हुनेछ ।

४. स्वीकृत कर्जा बढीमा दुई किस्तामा प्रदान गरिनेछ ।

५. कर्जा प्रशोधन वापत सेवा शुल्क स्वरुप .........% वा एकमुष्ट रु. ................ बुझाउनु पर्नेछ ।

६. कर्जाका लागि दिइने धितो कोषको नाममा दृष्टिबन्धक पास गरी दिनु पर्नेछ र मालपोत कार्यालयबाट रोक्का समेत गरीनेछ ।

७. कर्जा लिनपुर्व तपाईले लिखत तमसुक गरी कोषलाई दिनु पर्नेछ ।

८. श्री/श्रीमती ...........................................ले कर्जाका लागि दिएको धितोको मञ्जुरीनामाको कागज गरी दिनु पर्नेछ ।

९. निवेदक र कोष बिच कर्जा सम्झौता गर्नु पर्नेछ ।

१०. नागरिकता र धितो सम्बन्धि सक्कल कागजात पेश गर्नु पर्नेछ ।

११. कर्जा अवधिमा पाकेको सम्पूर्ण व्याज अर्धवार्षिक रुपमा पौष मसान्त र आषाढ मसान्त भित्र भुक्तानी गर्ने सहभागिलाई बाँकी कर्जाको ०.५ प्रतिशत ब्याज छुट दिइने छ । आर्थिक बर्षको अन्त्यसम्ममा पनि ब्याज चुक्ता नगरेमा सावाँमा पुँजिकृत गरिने छ । कर्जा अग्रिम बुझाएमा बुझाउन बाँकी रकममा ०.५ प्रतिशत रकम थप बुझाउनु पर्नेछ ।

१२. स्वीकृत कर्जा छ महिना भित्र उपयोग नगरेमा कर्जा रोक्का हुने छ ।

१३. श्री ............................................... बाट व्यक्तिगत जमानतको कागज गराउनु पर्नेछ ।

१४. अन्य कुराहरुको हकमा कोषको नियमानुसार हुनेछ ।

१५. **<u>कर्जाको भुक्तानी तालिका निम्न बमोजिम हुनेछ ।</u>**

| क.सं. | मिति | रकम | क.सं. | मिति | रकम | क.सं. | मिति | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**भवदीय,**

दस्तखतः........................

नामः.............................

पदः ..........................

**कार्यविधिको दफा १५ संग सम्बन्धित**

**अनुसूची-६**

# सरल कर्जा कार्यक्रम २०७३ बमोजिम

# नागरिक लगानी कोष

# र

# सहभागी बीच भएको कर्जा सम्झौता

लिखितम धनीका नाम नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोषको कार्यालय,..................... (पछि यस सम्झौतामा कोष भनिएको) र ..................... कार्यालयका.................................मा कोषको परिचय पत्र नं. .................................का श्री ............................................................(यसपछि यस सम्झौता पत्रमा ऋणी भनिएको) बीचमा कोषबाट लगानी गर्न लागेको सरल कर्जा कार्यविधि, २०७३ को व्यवस्था अनुसार म ऋणीले कोषबाट ..................................गर्ने प्रयोजनको लागि कोषसँग माग गरेको प्रति वर्ष ९.५० (प्रतिशतका दरले ब्याज बुझाउने गरी कोषबाट म ऋणीलाई पहिलो किस्ता रु........................( अक्षरेपी रु.................................) दोस्रो किस्ता रु.......................... (अक्षरेपी रु........................) जम्मा रु.................. ( अक्षरेपी रु....................................) कर्जा कोषबाट दिन तथा म ऋणीले लिनको लागि निम्न शर्त तथा अवस्थाहरु पुरा गरी लिने सहमति भई कोषको कार्यालय ...............मा बसी तपसिलका साक्षीहरुको रोहवरमा सो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक-एक प्रति दोहोरो लिनु/दिनु गरियो ।

## शर्त तथा व्यवस्थाहरु

१ म ऋणीले उल्लेखित कर्जा लिनको लागि कोषमा कर्जाको सुरक्षण बापत प्रस्तुत गरेको धितो रजिष्ट्रेशन पास गरे पछिमात्र कर्जा लिन मञ्जुर गर्दछु ।

२ म ऋणीले सरल कर्जा कार्यविधि, २०७३ को नियमहरुको पालना गर्दै कोषले सम्झौता पत्र साथ उपलब्ध गराएको कर्जा भुक्तानी तालिका बमोजिम कर्जाको साँवा ब्याजको किस्ता चुक्ता गर्न मञ्जुर गर्दछु ।

३. म ऋणीले हाल ९.५० प्रतिशत ब्याजदरमा र पछि कोषबाट परिवर्तन वा थपघट गरेमा समेत तिर्न बुझाउन मञ्जुर गर्दछु ।

४. म ऋणीले लिएको कर्जा उल्लेखित कार्यको लागि बाहेक अन्य कार्यमा प्रयोग गर्ने छैन ।

५. म ऋणीले यस सम्भौता तथा धितो सुरक्षण वापत लेखि दिएको तमसुकमा लेखिएका कुराहरुको उल्लंघन गरेमा कोषबाट मेरो नाममा स्वीकृत कर्जा तथा मेरो कोषमा रहेको.....................रकम रोक्का गर्नुका अतिरिक्त सुरक्षण वापत दिएको धितो कब्जा गरी लिएमा समेत मञ्जुर गर्दछु ।

६. म ऋणीले कर्जा सुरक्षण वापत लिने धितोका मुल्याङ्कन लगायत बाहेक अन्य सेवा शुल्क कोषले तोके अनुसार तिर्न बुझाउन मञ्जुर गर्दछु ।

७. कोषले ऋणीलाई प्रदान गर्नका लागि स्वीकृत कर्जा रकम उल्लेखित शर्त तथा अवस्थाहरु पुरा गरी लिएमा ऋणीलाई कर्जा दिन मञ्जुर गर्दछ ।

८. कर्जा सम्झौताको समयमा ऋणीबाट चुक्ता गर्नुपर्ने कर्जाको भुक्तानी तालिकामा मञ्जुरी रहेको छ ।

९. कोषले उल्लेखित शर्त अवस्थाका अलावा "सरल कर्जा कार्यविधि, २०७३" को ऋणीबाट पुर्ण पालना गरेमा कर्जा दिन मञ्जुर गर्दछ ।

१०. म ऋणीले कोषबाट लिएको पहिलो किस्ता रकम कर्जा लिँदाको प्रयोजनको लागि प्रयोग गरेको कोषलाई नलागेमा दोस्रो किस्ता रकम कोषले नदिन र पहिलो किस्ता रकम समेत चुक्ता गर्न लगाउने सक्नेछ यसमा ऋणी मञ्जुर गर्दछ ।

११. म ऋणीले प्रत्येक वर्ष बीमा पोलिसीको अवधि समाप्त भएको १५ दिन भित्र कोषले तोकेको बीमा कम्पनीबाट नवीकरण गरी बीमा पोलिसी कोषमा बुझाउने छु । अन्यथा कोषको नियमानुसार बीमा नवीकरण गरेको शुल्क मेरो खातामा खर्च लेखिदिएमा समेत म मञ्जुर गर्दछु ।

१२. स्वीकृत कर्जा छ महिना भित्र उपयोग नगरेमा कर्जा रोक्का हुने छ ।

१३. कर्जा अवधिमा पाकेको सम्पूर्ण ब्याज अर्धवार्षिक रुपमा पौष मसान्त र आषाढ मसान्त भित्र भुक्तानी गर्ने सहभागिलाई बाँकी कर्जाको ०.५ प्रतिशत ब्याज छुट दिइने छ । आ.ब. को अन्त्यसम्ममा पनि ब्याज चुक्ता नगरेमा सावाँमा पुँजिकृत गरिने छ । कर्जा अग्रिम बुझाएमा बुझाउन बँकी रकममा ०.५ प्रतिशत रकम थप बुझाउनु पर्नेछ ।

१४. कर्जा प्रशोधन वापत सेवा शुल्क स्वरुप एकमुष्ट रु. ................ बुझाउन ऋणी मञ्जुर छ ।

१५. स्वीकृत कर्जा बढीमा दुई किस्तामा लिन दिन दुवै पक्ष मञ्जुर छ ।

| **<u>सहभागीको तर्फबाट</u>** | **<u>कोषको तर्फबाट अधिकार प्राप्त अधिकृत</u>** |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नामथर :- | नामथर :- |
| दर्जा :- | दर्जा :- |
| कार्यालय :- | छाप : |
| अवकास कोष नं.:- | |
| बीमा कोष नं.:- | |

| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामथरः- | नामथरः- |
| ठेगानाः- | ठेगानाः- |
| कार्यालयः- | |
| स्वीकृत अवकास कोष नं. | |

**ईति सम्वत २०........साल...............महिना........... गते रोज .......... शुभम् ।**

कार्यविधिको दफा १७ (१)संग सम्बन्धित

**अनुसूची-७**

श्री प्रमुख/ मालपोत अधिकृतज्यू                                    मितिः ....................

मालपोत कार्यालय,

......................

**विषय : <u>घर/जग्गा रोक्का राख्ने</u> बारे ।**

........................ कार्यालयका वहालवाला कर्मचारी ................................. ले निजको ................... नाताका ................. नाती/नातीनी ............................ छोरा/छोरी/बुहारी/पत्नी जिल्ला ................ न.पा./गा.वि.स................ वडा नं................ (जग्गाधनी प्रमाण पूर्जा अनुसार जिल्ला ................ न.पा./गा.वि.स................ वडा नं.................) बस्ने वर्ष ....... को .......................... नाममा त्यस कार्यालयमा दर्ता भएको जोतपोत समेत निजकै एकलौटी हकभोग भएको तपसिलमा लेखिएको घर/ जग्गा यस कोषमा मिति २० / / मा जेथा जमानी /धितो बन्धकी समेतको तमसुक गरी कोषका नाममा रजिष्ट्रेशन पास गरी रु......................................... (अक्षरेपी रु. ........................ ............ ........... ...............................) सापटी कर्जा लिनु भएकोले उल्लेखित घर/ जग्गा/अपार्टमेन्ट कोषको नाममा धितो पास गर्न यस कोषका प्रतिनिधि श्री ........................................... हस्ते छाप सहित पठाइएको छ । नियम बमोजिम धितो पास गरिदिई सक्कल तमसुक निजकै हस्ते पठाईदिनु हुन अनुरोध छ । साथै उल्लेखित धितो कोषबाट फुकुवा भै नआएसम्म सो घर/जग्गा, अपार्टमेन्ट कसैलाई राजिनमा, फार्छे, छोडपत्र, धितो बन्धकी, भोगबन्धकी, दाखिल खारिज, नामसारी वा अन्य कुनै किसिमको हकछाडी दिन समेत केही गर्न नपाउने गरी नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम रजिष्ट्रेशन पास गर्न रोक्का गर्नु भै रोक्काको जानकारी कोषलाई दिनु हुन अनुरोध छ ।

**<u>तपसिल</u>**

| सि.नं. | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

........................ ................................. ...............................

निवेदकको दस्तखत        कोष प्रतिनिधिको दस्तखत नमुना        अधिकृत

नाम :        नाम :        नाम :

पद :

कार्यविधिको दफा १७ (१)संग सम्बन्धित

**अनुसूची-८**

## दृष्टिबन्धक लिखत पास फाराम

कार्यविधिको दफा १७ (३)संग सम्बन्धित

**अनुसूची-९**

**नागरिक लगानी कोष**

.................. कार्यालय

**<u>कोष कट्टी रोक्का राख्ने आन्तरिक पत्र</u>**

लाई :- श्री अवकाश कोष/बीमाकोष शाखा

बाट :- श्री कर्जा शाखा

उपरोक्त सम्बन्धमा निम्न व्यहोराका निवेदकलाई यस कोषको मिति ....../..../.....को निर्णय अनुसार ..... कर्जाकालागि रकम रु ...............(अक्षरेपि **.......................................................................**) स्वीकृत भएको र स्वीकृत कर्जा प्रदान गर्नु पुर्व निजको नाममा जम्मा भएको सहभागी अवकाश कोष कट्टी रकम/ बीमाकोष रकम रोक्का राख्नु पर्ने हुँदा निजको **अवकाश कोष कट्टी रकम/बीमाकोष कट्टी रकम** अर्को व्यबस्था नभएसम्मका लागि रोक्का राखि यस शाखालाई जानकारी पठाई दिनु हुन अनुरोध छ।

(क) कर्जा निवेदकको नाम, थर :- ..................................

(ख) कार्यरत कार्यालयको नाम :- ....................................

(ग) हालको पद :- ..................................

(घ) स्वीकृत अवकाश कोष नम्बर :- .................

(ङ) बिमाकोष नम्बर :- .................

(च) कर्जा स्वीकृत रकम :- ............................

(छ) कर्जा भुक्तानी अन्तिम मिति :- ............................

भवदीय,

.......................

नाम :-

पद :-

मिति :-

**अनुसूची-१०**

## नागरिक लगानी कोष

.................. कार्यालय

**<u>आन्तरिक पत्र</u>**

लाई :- श्री कर्जा शाखा

बाट :- श्री सहभागी अवकाश कोष शाखा/बीमाकोष शाखा

उपरोक्त सम्बन्धमा त्यस शाखाको मिति ....../..../.... को पत्र अनुसार देहायमा उल्लेखित व्यहोराका निबेदकको नाममा जम्मा भएको सहभागी अबकाश कोष क□ी रकम/ बीमाकोष रकम मिति ...../..../.....देखि नै अर्को आदेश नभएसम्मका लागि यस शाखाबाट रोक्का राखिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

(क) कर्जा निवेदकको नाम, थर :- ...................................

(ख) कार्यरत कार्यालयको नाम :- .....................................

(ग) हालको पद :- ..................................

(घ) स्वीकृत अवकाश कोष/बिमाकोष नम्बर :- ..................

(ङ) सञ्चित अवकाश कोष / बिमाकोष रकम :- ............................

भवदीय,

.......................

नाम :-

पदः-
मिति :-

कार्यविधिको दफा १८ संग सम्बन्धित

अनुसूची-११

## नागरिक लगानी कोष

.................. कार्यालय

### सरल कर्जा किस्ता उपलब्ध गराई दिने आन्तरिक पत्र

लाई :- श्री लेखा शाखा

बाट :- श्री कर्जा शाखा

उपरोक्त सम्बन्धमा निम्न व्यहोराका सहभागी निवेदकलाई यस कोषको सरल कर्जा उपसमितिको मिति २०७३/..../.....को निर्णय अनुसार सरल कर्जाका लागि रकम रु.............. .(अक्षरेपि ...............................................) स्वीकृत भएको व्यहोरा अनुरोध छ । स्वीकृत कर्जा मध्ये हाललाई प्रथम/दोस्रो किस्ता बापत रु .....................(अक्षरेपि ..................................) प्रदान गरी निजको नाममा सरल कर्जा जनाउनु हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कर्जा निवेदकको नाम, थर | |
| २. | स्थायी ठेगाना | |
| ३. | कार्यरत कार्यालयको नाम | |
| ४. | हालको पद | |
| ५. | स्वीकृत अवकाश कोष नम्बर | |
| ६. | बिमाकोष नम्बर | |
| ७. | स्वीकृत कर्जा रकम र कर्जा मिसिल नं | |
| ८. | कर्जा स्वीकृत मिति | |
| ९. | मालपोत कार्यालयमा धितो पास भएको मिति | |
| १०. | हाल सम्म प्रदान भएको रकम | |
| ११. | अब प्रदान गर्न बाँकी रकम | |
| १२. | ब्याजदर | |
| १३. | लिनु पर्ने सेबा शुल्क रकम | |

भवदीय

ऋणीको दस्तखत नमुना

.......................

नाम :-

पद :-

मितिः-

**कार्यविधिको दफा १८(४) संग सम्बन्धित**

**अनुसूची-१२**

मितिः-

श्री नागरिक लगानी कोष

......................... कार्यालय

.........................

**बिषयः............ कर्जा किस्ता माग गरेको बारे ।**

महोदय,

म नागरिक लगानी कोषमा मिति ...................... देखि अवकास कोष कट्टी/बीमाकोषमा संलग्न रहदै आएको छु । मेरो नाममा यस कोषबाट **.....................**गर्ने कार्यका लागि कर्जा रकम रु **.....................** स्वीकृत भएकोमा मैले हाल सम्म रु **.....................** उपयोग गरी सकेको छु । हाल मलाई रकमको आबश्यकता परेकाले स्वीकृत कर्जाको **.........** किस्ता/बाँकी रकम रु................(अक्षरेपी ................)उपलब्ध गराई दिन यो निवेदन पेश गरेको छु । कर्जा लगानीका लागि कोषले निर्धारण गरेका शर्त सुविधा मलाई मान्य हुनेछ । मैले कर्जा माग फाराममा उल्लेख गरेका विवरण सत्य छन् । झुटा ठहरे कानून बमोजिम सहन बुझाउन मेरो मञ्जुरी छ ।

भवदीय,

दस्तखतः ..........................

निबेदकको नामः..................

अवकाश कोष प.प.नं............

बीमाकोष प.प नं.:................